"पुरुषलाई पछि पार्ने होइन हाम्रो कामना, नारी पुरुष समविकास हाम्रो चाहना"

# सीमान्तकृत महिलाहरूका लागि महिला संस्था (वाम)

वीरेन्द्रनगर-७, सुर्खेत



## २६औं वार्षिक साधारणसभा

# वार्षिक प्रतिवेदन

२०८०

# सञ्चालक समिति



देवी पौडेल
**अध्यक्ष**



मञ्जु रानाक्षेत्री
**उपाध्यक्ष**



अमृताकुमारी आचार्य
**महासचिव**



यामकुमारी लामिछाने
**सचिव**



माया नेपाली
**कोषाध्यक्ष**



रूमा थापा
**सदस्य**



गीता आचार्य
**सदस्य**



रिता सुवेदी
**सदस्य**



दीपारानी पंगाली
**सदस्य**



मधुरानी ढकाल
**कार्यकारी निर्देशक**

# आर्थिक वर्ष २०७९/८० को प्रगति तथा आर्थिक प्रतिवेदन
# आर्थिक वर्ष २०८०/८१ को प्रस्तावित
# नीति, कार्यक्रम र बजेट


**प्रकाशन सल्लाहकार**

देवी पौडेल

**साधारणसभा आयोजक मूल समिति/प्रकाशन समिति**

संयोजक- यामकुमारी लामिछाने

सदस्य- मधुरानी ढकाल

सदस्य- गीता आचार्य

सदस्य- प्रकाश अधिकारी

सदस्य- मीना भण्डारी

**प्रकाशन सहयोगी**

मञ्जु राना क्षेत्री

अमृता आचार्य

रूमा थापामगर

दिपारानी पंगाली

पिङ्की गिरी

अनिल पोखेल

हरि देवकोटा

दिपेन्द्र बिरकट्टा

**प्रकाशक** :
**सीमान्तकृत महिलाहरुका लागि महिला संस्था** (**वाम**)
वीरेन्द्रनगर-७, सुर्खेत
फोन नं. : ०८३-५२२४३७
इमेल : wam.skt@gmail.com
वेबसाइट : www.wam.org.np


**प्रकाशन मिति** : २०८०, पौष

**सर्वाधिकार** : प्रकाशक

**प्रकाशन प्रति** : १०० प्रति

**मुद्रण** : नवदुर्गा प्रिन्टिङ्ग प्रेस प्रा.लि., वीरेन्द्रनगर-६, सुर्खेत

# COVERED AREA



# दुई शब्द



**देवी पौडेल**
**अध्यक्ष**

सीमान्तकृत महिलाहरूका लागि महिला संस्था (वाम) समाज जागरण केन्द्र स्याक नेपालको प्रेरणा र सहयोगबाट २०५४ साल माघ २ गते स्थापना भएको मुनाफारहित गैरसरकारी संस्था हो । समाजमा भएका विकृति, विसंगति, कुरिती, कुसंस्कार, रुढिवादी परम्परा, अन्धविश्वास, महिलामाथि हुने हिंसा, लैगिक तथा सामाजिक विभेद न्यूनीकरण गरि सामाजिक, आर्थिक एवं मानवीय दृष्टिकोणले पछाडि पारिएका महिलाहरूलाई विभिन्न सीपमूलक, आयमूलक तथा चेतनामूलक क्रियाकलापहरूको माध्यमबाट सवल एवं सक्षम बनाउन, महिला तथा बालबालिकाहरूलाई एकिकृत गरी उनीहरूको वौद्धिक तथा व्यक्तित्व विकासमा सहयोग पुऱ्याउन, महिला र पुरुष बीच भएका खाडललाई पुर्न र लैंगिक समानता तथा सामाजिक समावेशीकरण गरी एउटा स्वस्थ्य, सुन्दर, स्वावलम्बी र स्वाभिमानी लैंगिक समतामूलक समाजको निर्माण गर्ने परिकल्पनाका साथ संस्था स्थापना भएको हो ।

"पुरुषलाई पछि पार्ने होइन हाम्रो कामना, नारी पुरुष समविकास हाम्रो चाहना" भन्ने मूल नाराका साथ यस संस्थाले हाल महिला, बालबालिका, युवा तथा किशोर किशोरीहरूको सामाजिक, आर्थिक, शैक्षिक, स्वास्थ्य र राजनीतिक जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउने उद्देश्यले हालसम्म शिक्षा, स्वास्थ्य, खाद्य सुरक्षा, सिमान्तकृत वर्गको अधिकार, मानव अधिकार, विपद् व्यवस्थापन, जनवकालत, मनोविमर्श जस्ता क्षेत्रमा कार्यहरू गरिसकेको अनुभव संगालेको छ ।

नयाँ संविधान निर्माणपछि राज्यका हरेक संरचनामा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित हुनु हामी नेपाली महिलाहरूको वर्षौंदेखिको क्रियाशिलता र आन्दोलनको उपज हो । जसलाई हामीले ज्यादै ठूलो उपलब्धी ठानेका छौं र यसले महिलाहरूको स्वाभिमानप्रति ठूलो महत्व राख्दछ । राज्यका हरेक निकायमा अहिले महिलाको अर्थपूर्ण सहभागिता भएको छ । यसप्रति आम नेपाली महिलाले गर्व गर्नुपर्ने अवस्था छ । अझ थप अधिकार र सहभागिताका लागि राज्यसामू दबाब दिनुपर्ने चुनौति पनि छ । यसैक्रममा महिला, बालबालिका, किशोरकिशोरी, युवा, दलित, जनजाति र पछाडि पारिएका महिलाहरूको अधिकार प्रत्याभूति गर्ने गराउने उद्देश्यले नीति तथा कार्यक्रम सञ्चालन गर्दै आएका छौं ।

यस संस्थाले नेपाल सरकार, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्था, दातृसंस्था, विभिन्न सञ्जाल एवम् सहयोग, सहकार्य र समन्वयमा विभिन्न पछाडि पारिएका समुदायहरूमा कार्यक्रमहरू कार्यान्वयन गरिरहेको छ । संस्थाले राखेको परिकल्पना, ध्येय, लक्ष्य, उद्देश्य पुरा गर्नका लागि विभिन्न साझेदार संस्थाहरूको

सहयोगमा सुर्खेत जिल्ला भित्रका सबै जसो नगरपालिका र गाउँपालिकाहरूमा कार्य गरेको अनुभव संगालेको छ भने जिल्ला बाहिर कर्णाली प्रदेशको दैलेख जिल्लामा र सुदूरपश्चिम प्रदेशको बैतडी जिल्लामा कार्यक्रम कार्यान्वयन गर्दै आइरहेको छ। आज यस संस्थाको २६औं वार्षिक साधारण सभा मनाइरहँदा हामी गौरवान्वित भएका छौं।

अन्त्यमा आजसम्म यस संस्थालाई माया गरी यहाँसम्म ल्याउन सहयोग गर्ने सरोकारवाला सरकारी तथा गैरसरकारी निकाय, दातृ निकाय, राजनीतिक दल, नागरिक समाज, सञ्चारकर्मी, संस्थाका सञ्चालक समिति, आजीवन तथा मानार्थ सदस्य, साधारण सदस्य, कर्मचारी मित्र र लाभान्वित समुदायका महानुभावहरूलाई संस्थाको तर्फबाट हार्दिक धन्यवाद र निरन्तर सहयोगको अपेक्षा राख्दछु।

*धन्यवाद !*

# कार्यकारी निर्देशकको मन्तव्य



**मधुरानी ढकाल**
**कार्यकारी निर्देशक**

सीमान्तकृत महिलाहरूका लागि महिला संस्था (वाम) नै काफी छ। वि.सं. २०५४ सालमा स्थापना भएको यो संस्था हामी सबैका लागि गौरवको रूपमा रहेको छ। हाम्रो समाज, परिवारमा रहेका विभिन्ने खाले हिंसापीडित र समस्याबाट आक्रान्तमा परेकाहरूका लागि सहयोगी र अभिभावकको काम गरिरहेको छ । महिला सशक्तिकरण, नेतृत्व विकास, सीमान्तकृत समुदायको आयआर्जन, राहत र न्यायमा पहुँच पुऱ्याउन वामले विगतदेखि नै गरेको प्रयासको हामीले सबैतिरबाट प्रसंशा पाइरहेका छौं । यसले हामीलाई आगामी दिनमा आफ्नो लक्ष्य र उद्देश्य हासिल गर्न कर्तव्यनिष्ठ भएर अघि बढ्ने प्रेरणा मिलेको छ ।

वाम महिला अधिकारका लागि समर्पित संस्था हो । विशेष गरी महिला सशक्तिकरण र सामाजिक समावेशीकरणका लागि हामीले विभिन्न परियोजनाहरू, क्रियाकलापहरू सञ्चालन गर्दै आएका छौं । यस संस्थाले सामाजिक, आर्थिक र सांस्कृतिक स्तरमा लैङ्गिक विभेदलाई न्यूनीकरण गरी अझ निष्पक्ष र न्यायपूर्ण समाजको प्रवर्द्धन गर्ने लक्ष्य राखेको छ। अझै पनि हामी गरिबी, हिंसा र भेद्भावबाट पीडित महिला र बालबालिकाका लागि काम गर्न समर्पित छौं। पीडितको आवाज बन्ने, पीडितको अधिकारको प्रवर्द्धन र विपन्न एवं सीमान्तकृत समुदायको आर्थिक, सामाजिक, राजनीतिक सशक्तिकरण यस संस्थाको मुख्य चासो हो। अन्धविश्वास, सामाजिक मूल्य मान्यता, महिलाविरुद्ध हुने हिंसा, लैंङ्गिक तथा सामाजिक असमानता र सामाजिक पछौटेपनविरुद्ध ज्ञान र चेतना अभिवृद्धि विकासका प्रमुख चुनौती रहेको विश्वास छ । समतामूलक समाजको उद्देश्य हासिल गर्न सरकारी, गैर-सरकारी संस्थाहरू र अन्तर्राष्ट्रिय संस्थाहरू जस्ता विविध सरोकारवालाहरूसँग पारदर्शी र प्रभावकारी रूपले काम गर्न तयार रहेको प्रतिबद्धता व्यक्त गर्दछौं ।

विभिन्न अभियान र वकालतका कारण पीडित महिलाले कानुनी सेवामा पहुँच प्राप्त गरेका छन् । विभिन्न निकायको नेतृत्वमा स्थापित भएका छन् । जोखिममा परेका महिलाहरू आफ्नो अधिकार र दायित्वबारे कुनै न कुनै रूपमा सचेत छन् । महिला नेतृत्वका विभिन्न तहमा पुगेका छन् । राजनीतिक क्षेत्रमा महिला सहभागिता बढेको छ । महिलाहरू आत्मनिर्भर बन्न खोजिरहेका छन्, आम्दानीका गतिविधिमा जोडिएका छन् । यसलाई हामी हाम्रो अभियानको सबल पाटोका रूपमा बुझेका छौं ।

अधिकार प्राप्तिका लागि गरेको अभियानको धरातलमा उभिएको यो संस्था हामी सबैको लागि सहयोगी रहेको छ । समाजमा रहेका विभिन्न विकृति र विसंगतीका विरुद्ध आवाज उठाउने, अधिकार प्राप्ति र कर्तव्य पालनामा जनचेतना

लगाउँदै यस संस्थाले आफ्नो फरक पहिचान बनाउन सफल भएको छ ।

पीडितका लागि आवाज र न्यायमा पहुँच पुऱ्याउन साथीको रूपमा उभिन यो संस्था सफल भएको छ । शिक्षा, स्वास्थ्यमा पहुँच पुऱ्याउन, पछाडि परेको वर्ग, उत्थानका लागि खटिएको यो संस्था समय र परिस्थिति अनुरूप परिवर्तन गर्दै र हुँदै फरक पहिचान बनाउन सफल हुँदै २६औं वार्षिकोत्सव मनाउन गइरहेको छ । यस संस्थालाई यहाँसम्म पुऱ्याउन सहयोग गर्ने, यस संस्थाका कर्मचारी साथीहरू, समुदाय, समूह, सरोकारवाला, कार्यसमिति, उपसमिति, आजीवन तथा साधारण सदस्यहरूमा आभार प्रकट गर्न चाहन्छु । आगामी दिनहरूमा पनि यहाँहरूको सहयोगले संस्थाले गति प्राप्त गरोस् भन्ने कामनासहित २६औं वार्षिक साधारणसभाको सफलताको शुभकामना व्यक्त गर्दछु ।

*धन्यवाद !*

## ~ यस भित्र ~


- संस्थाको परिचय
- संस्थाको प्रोफाइल
- संस्थाको आ.व. २०७९/०८० को प्रगति प्रतिवेदन
- संस्थाको आर्थिक प्रतिवेदन
- संस्थाले विगतमा सञ्चालन गरेका परियोजनाको विवरण
- सफलताको कथा
- पत्रपत्रिकामा वाम
- साधारण/आजीवन र मानार्थ सदस्यहरूको नामावली
- तस्बिरमा वाम

## संस्थाको परिचयः

सिमान्तकृत महिलाहरूका लागि महिला संस्था (वाम) समाजमा भएका विकृति, विसंगति, कुरीती, कुसंस्कार,रुढिवादी परम्परा,अन्धविश्वास,महिला माथि हुने हिंसा,लैगिक तथा सामाजिक विभेद न्युनीकरण गरिसामाजिक,आर्थिक एवं मानवीय दृष्टिकोणले पछाडि पारिएका महिलाहरूलाई विभिन्न सिपमुलक, आयमुलक तथा चेतनामुलक क्रियाकलापहरूको माध्यमबाट सवल एवं सक्षम बनाउन,महिला तथा बालबालिकाहरूलाई एकिकृत गरि उनीहरूको वौद्धिक तथा व्यक्तित्व विकासमा सहयोग पुऱ्याउनर लैंगिक समानता तथा सामाजिक समावेशीकरण गरि एउटा स्वस्थ्य, सुन्दर,स्वावलम्बी र स्वाभिमानी लैंगिक समतामुलक समाजको निर्माण गर्ने परिकल्पना गरि २०५४ सालमा स्थापना भएको हो ।

"पुरुषलाइ पछि पार्ने होइन हाम्रो कामना नारी पुरुष समविकास हाम्रो चाहाना" भन्ने मूल नाराका साथ यस संस्थाले महिला, बालबालिका,युवा तथा  किशोर किशोरीहरूको सामाजिक, आर्थिक,शैक्षिक, स्वास्थ्य र राजनैतिक जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउने उद्देश्यले हालसम्म शिक्षा, स्वास्थ्य,खाद्य सुरक्षा,सिमान्तकृत वर्गको अधिकार,मानव अधिकार, विपदव्यवस्थापन, जनवकालत, मनोविमर्श जस्ता क्षेत्रमा कार्यहरू गरिसकेको अनुभव संगालेको छ। यस संस्थाले नेपाल सरकार, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्था, दातृसंस्था, विभिन्न संजाल एवं सहयोग, सहकार्य र समन्वयमा विभिन्न पछाडि पारिएका समुदायहरूमा कार्यक्रमहरू कार्यान्वयन गरिरहेको छ ।

संस्थाले राखेको परिकल्पना,ध्येय,लक्ष्य, उद्देश्य पुरा गर्नका लागि विभिन्न साझेदार संस्थाहरूको सहयोगमा सुर्खेत जिल्ला भित्रका सबै जसो नगरपालिका र गाउँपालिकाहरूमा कार्यगरेको अनुभव संगालेको छ। त्यस्तै कर्णाली प्रदेशको दैलेख जिल्लामा र सुदुरपश्चिम प्रदेशको बैतडी जिल्लामा कार्यक्रम कार्यान्वयन गर्दै आइरहेको छ ।

## संस्थाको कानुनी वैधता :

- संस्थाको नाम : सीमान्तकृत महिलाहरूको लागि महिला संस्था वाम
  वीरेन्द्रनगर-७, इत्राम सुर्खेत
- दर्ता गर्ने निकाय : जिल्ला प्रशासन कार्यालय, सुर्खेत
- संस्था दर्ता मिति : २०५४ साल माघ २ गते
- संस्था दर्ता नम्बर : १२४
- समाज कल्याण परिषदमा आवद्धता नं. : ६७०५ दर्ता मिति २०५४ माघ १२ गते
- स्थायी लेखा नं. : ३०१६५६२९६

## परिकल्पना (Vision) :

समतामूलक समाजको निर्माण गर्ने ।

## संस्थाको ध्येय (Mission) :

उपलब्ध श्रोत साधनको प्रयोगद्वारा विभिन्न कार्यक्रमहरूमार्फत लैङ्गिक, समतामूलक समाजको निमार्ण गर्ने ।

## लक्ष्य (Goal) :

आर्थिक, सामाजिक, राजनीतिक एवं मानवीय दृष्टिकोणले पिछडिएको समुदायलाई लैंगिक समानताको माध्यमबाट सवल एवं सक्षम बनाउने ।

## मूल्य मान्यता :

- लैङ्गिक समानता
- दिगो विकास
- मानव संसाधन विकास
- मानव अधिकार
- शान्ति र एकता
- भेदभावरहित व्यवहार
- स्वाबलम्बीपन
- सशक्तिकरण
- दबाब र शोषणको अन्त्य
- समान सहभागिता

## संस्थाको मुख्य उद्देश्यहरू :

- महिला सशक्तिकरणका लागि सेवामूलक र सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।
- महिला हिंसा उन्मूलनका लागि सक्रिय सहभागितामूलक भूमिका निर्वाह गर्ने ।
- नीति निर्माण तहमा महिलालाई प्रोत्साहन गर्ने ।
- महिला तथा बालबालिकाको हक अधिकारका लागि कार्यक्रम सञ्चालन गर्ने ।
- महिलाहरूको स्वास्थ्य अवस्था सुधार्न स्वास्थ्य, सरसफाइ र खानेपानी आपूर्ति कार्यक्रम सञ्चालन गर्ने ।
- वातावरण संरक्षण कार्यक्रम सञ्चालन गर्ने ।
- सहयोग र अधिकारमा आधारित कार्यक्रम सञ्चालन गर्ने ।
- द्वन्द्व व्यवस्थापन, शान्ति निर्माण, प्राकृतिक प्रकोप सहयोग, हिंसा उन्मूलन कार्यक्रम आदि सञ्चालन गर्ने ।

- आयआर्जन, कृषि तथा पशुपालन कार्यक्रम सञ्चालन गर्ने, महिलाको सामाजिक-आर्थिक अवस्था सुधार गर्ने आदि ।

## संस्थाको लैङ्गिक दृष्टिकोण :

- विभिन्न प्रकारका निर्णयात्मक पदमा महिलाहरू स्वनिर्भर रूपमा विभिन्न निकायहरूमा आवद्ध गर्ने ।
- महिलाहरूले पुरुष सरह शैक्षिक, राजनीतिक,सामाजिक रूपमा समान अवसर पाउनुपर्ने ।
- समान अधिकार र समान अवसरका लागिमहिला पुरुषलाई समान कार्य गरिनुपर्ने ।
- सम्पत्तिमा समान अधिकार हुनुपर्दछ ।
- महिला माथि क्रुर,दमन र हिंसा आदि रोकिनुपर्दछ ।
- पितृसत्ताको अन्त्यको साथै समावेशी सत्ता कायम हुनुपर्ने ।

## लक्षित वर्ग :

महिला (दलित, जनजाति, अपांगता भएका, एकल महिला) बालबालिका, द्वन्द्वपीडित, युवा तथा किशोर किशोरी, एचआईभी संक्रमित, लैंगिक अल्पसंख्यक, अति विपन्न, सीमान्तकृत वर्ग ।

## कार्यक्षेत्र :

कर्णाली प्रदेश – बराहताल गाउँपालिका र वीरेन्द्रनगर नगरपालिका (सुर्खेत)
भगवतीमाई गाउँपालिका र डुङ्गेश्वर गाउँपालिका (दैलेख)
सुदूरपश्चिम प्रदेश– पाटन नगरपालिका र दशरथचन्द नगरपालिका (बैतडी)

## विषयगत कार्यक्षेत्र :

- शिक्षा/स्वास्थ्य
- सशक्तिकरण
- नेतृत्व विकास
- विपद् व्यवस्थापन
- मनोविमर्श, काननी सहायता
- शान्ति प्रवर्द्धन तथा द्वन्द व्यवस्थापन
- लैंगिक समानता तथा सामाजिक समावेशीकरण

## संस्थागत आवद्धता :

- जिल्ला प्रशासन कार्यालय,वीरेन्द्रनगर, सुर्खेत

- समाज कल्याण परिषद्, काठमाण्डौ ।

## सञ्जालमा आवद्धता :

- गैसस महासंघ ,सुर्खेत
- जेण्डरएलायन्स सुर्खेत/काठमाण्डौ
- महिला मानवअधिकार रक्षक सञ्जाल
- शान्तिका लागि सहकार्य
- स्वास्थ्य अधिकार तथा सुर्तिजन्य जिल्ला सञ्जाल
- शिक्षाका लागि राष्ट्रिय अभियान (कर्णाली प्रदेश सहसंयोजक)
- संकल्प
- जिल्ला विपद् व्यवस्थापन सुरक्षा समिति
- जिल्ला खाद्य अधिकार सञ्जाल (उपाध्यक्ष)
- महिला तथा बालबालिका अधिकार सञ्जाल
- वियोण्ड बेइजिङ कमिटी कर्णाली प्रदेश संयोजक
- मानव अधिकार रक्षक सञ्जाल
- बाल अधिकारका लागि साझा अभियान

## सामुदायिक विकासप्रतिको सोच :

- सामाजिक विकास
- आर्थिक विकास
- शैक्षिक विकास
- नेतृत्व सीप विकास
- सांस्कृतिक विकास
- राजनीतिक विकास
- भौतिक विकास
- स्वास्थ समाजको विकास अधिकार सम्पन्न र कर्तव्यनिष्ठ समाज

## संस्थाले आफ्नो लक्ष्य तथा उद्देश्यलाई पूरा गर्न निम्न बमोजिम कार्य नीति तय गरेको छ :

- संस्थाले महिलाविरुद्ध हिंसालाई न्युनीकरण गर्ने अभियानमा अन्य संघ संस्था तथा समुदाय र सरोकारवालाहरूको समन्वय तथा सहयोगबाट विभिन्न घटनाहरूमा पैरवी तथा दबावमुलक कार्यक्रमहरू सञ्चालन गर्ने ।
- समुदाय तहमा घटित घटनाहरूमा समुदायलाई जिम्मेवारी बोध गराई घटना घटननदिन

चेतनामुलक कार्यक्रमहरू सञ्चालन गर्ने ।

- बालविबाह न्युनिकरणका अभियानमा अभिभावक र समुदायलाई अग्रसर गराउने ।
- समुहको माध्यमबाट समुदायमा च्भाभिअत :यमगभि बाट समस्या पहिचान र उपायहरू आफै पत्ता लगाउन र पैरवी गर्न चेतना अभिवृद्धि गर्ने ।
- स्थानीय रूपमा महिला सशक्तिकरणका लागि स्थानीय निकाय तथा अन्य सरोकारवालाहरूको नीतिका बारेमा जानकारी गराई समुदायलाई आफै जागरुक गराउने ।
- यस संस्थाको वार्षिक सामाजिक लेखापरिक्षणमार्फत संस्थालाई पारदर्शी र जवाफदेही रूपमा प्रस्तुत गराउने ।
- जिल्ला तथा राष्ट्रियस्तरका सञ्जालहरूमा सहभागी भई समूहहरूमा दवाबमुलक अभियान सञ्चालन गर्न ।

## संस्थामा भएका नीति नियम तथा निर्देशिकाहरू :

- संस्थाको विद्यान
- मानव संशाधन नीति
- आर्थिक व्यवस्थापन नीति
- पञ्चवर्षीय रणनैतिक योजना (सन् २०२४-२०२८)
- कार्यसमिति, उपसमिति (भौतिक उपसमिति, खरिद उपसमिति, लेखा उपसमिति) र कर्मचारीहरूको विवरण
- कर्मचारीहरूको कार्य विवरण
- लैङ्गिक समानता, विविधता तथा सामाजिक समावेशीकरण (जेसी) नीति
- सुरक्षा नीति
- खरिद नीति

## संस्थागत संख्यात्मक विवरण :

| विवरण | जम्मा संख्या | ब्राह्मण क्षेत्री | | जनजाति | | दलित | | अल्पसंख्यक | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | पुरुष | महिला |
| कार्यसमिति | ९ | ७ | ० | १ | ० | १ | ० | ० | ० |
| मानार्थ सदस्य | २ | ० | ० | | १ | ० | १ | ० | ० |
| आजिवन सदस्य | १०९ | ९५ | ० | ९ | ० | ७ | ० | ० | ० |
| कर्मचारी | १४ | ७ | ४ | ० | १ | १ | १ | ० | ० |

## कर्मचारीहरूको विवरण :

| S. No. | Name of Staff | Designation | Work Station | Phone No. | E-mail Address |
|---|---|---|---|---|---|
| 1 | Madhu Rani Dhakal | Executive Director | Surkhet | 9848163700 | madhuranidhakal123@gmail.com |
| 2 | Pinki Giri | Project Coordinator | Surkhet | 9848068435 | pinky.wam8@gmail.com |
| 3 | Anil Pokharel | Admin & Finance Officer | Surkhet | 9848229881 | wam.finanace@gmail.com |
| 4 | Jayaram BK | Field Officer | Baitadi | 9848735239 | jbkk@rocketmail.com |
| 5 | Chudamani Rijal | GESI Officer | Dailekh | 9848159799 | rijal.chudamani2016@gmail.com |
| 6 | Prakash Adhikari | Documentation Officer | Surkhet | 9858051568 | prakash.wam5@gmail.com |
| 7 | Hari Devkota | Finance Assistant | Surkhet | 9848233419 | hari.wamfinance@gmail.com |
| 8 | Dipendra Birkatta Magar | M&E Assistant | Surkhet | 9844860338 | dipendra.wam@gmail.com |
| 9 | Mina Bhandari | Physio-social Counselor | Surkhet | 9864792095 | minabhandari7.wam@gmail.com |
| 10 | Sapana Khadka | Youth Facilitator | Dailekh | 9844678273 | sapanadlk7@gmail.com |
| 11 | Parbati Bhul | Youth Facilitator | Baitadi | 9848746152 | parwatibhul98@gmail.com |
| 13 | Yam Kumari Khatri | EDF | Dailekh | 9841829622 | |
| 14 | Dwarika Joshi | EDF | Baitadi | 9848518083 | dibyajoshi56@gmail.com |
| 17 | Man Kumara Dhakal | Support Staff | Surkhet | 9848032150 | wam.skt@gmail.com |

## संस्थाद्वारा आर्थिक वर्ष २०७९/०८० मा सञ्चालन गरिएका कार्यक्रमको रूपरेखा

| क्र. सं. | कार्यक्रम | साझेदार संस्था | अवधि | कार्यक्षेत्र |
|---|---|---|---|---|
| १ | Claiming the Right to Safe Abortion | वियोण्ड बेइजिङ कमिटी | जनवरी २०२२ देखि डिसेम्बर २०२२ | वीरेन्द्रनगर नगरपालिका र बराहताल गाउँपालिका, सुर्खेत |
| २ | Youth led GESI initiatives for COVID recovery strategies and action in Nepal | अक्सफाम नेपाल | अप्रिल २०२२ देखि डिसेम्बर २०२४ सम्म | दैलेख जिल्लामा- भगवतीमाई गाउँपालिका र डुङ्गेश्वर गाउँपालिका र बैतडी जिल्लामा– दशरथचन्द र पाटन नगरपालिका |
| ३ | Community Safty Net (CSN) | नागरिक आवाज, ललितपुर | २०२३ जनवरीदेखि २०२५ जुनसम्म | वीरेन्द्रनगर नगरपालिका |
| ४ | Partners' Investment Fund (PIF) | अक्सफाम नेपाल | २०२२ जुनदेखि २०२३ डिसेम्बर | संस्थाको आन्तरिक क्रियाकलाप |

# संस्थाको आर्थिक वर्ष २०७९/०८० को प्रगति प्रतिवेदन

यस सभाका सभाध्यक्षज्यू प्रमुख अतिथिज्यू, मञ्चमा आसिन सम्पूर्ण अतिथिज्यूहरू, कार्यसमिति, लेखा समिति तथा विभिन्न उपसमितिका पदाधिकारी तथा संस्थाका सदस्यज्यूहरू, उपस्थित सम्पूर्ण महानुभावहरू तथा कर्मचारीज्यूहरू ! यस संस्थाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट न्यानो अभिवादन ।

यस संस्थाले समतामूलक समाजको निर्माण गर्ने परिकल्पना लिएर उपलब्ध श्रोत साधनको अधिकतम प्रयोगद्धारा विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । विगत २६ वर्षदेखि लैंगिक समानता तथा सामाजिक समावेशीकरणका क्रियाकलाप सञ्चालन गर्दै आफ्नो लक्ष्य उद्देश्य अनुसार सेवा सुविधाबाट पछाडि पारिएका सीमान्तकृत महिला बालबालिका किशोरकिशोरहरूसँग रहेको अन्तरनिहित प्रतिभालाई प्रस्फुटन गराउन वातावरण सिर्जना गर्दै आएको छ । यस संस्थाले विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूसँगको सहयोग, समन्वय र सहकार्यमा विभिन्न चेतनामूलक तथा अधिकारमूलक कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ ।

सिमान्तकृत वर्गका लागि आवाज उठाउँदै आइरहेको यस संस्थाको २६औं वार्षिक साधारणसभा आज सम्पन्न गर्न गइरहेको यस अवसरमा हामी गौरवान्वित भएका छौ । संस्थागत रूपमा लामो समयको अनुभव प्राप्त गरिसकेको संस्थाले पछाडि पारिएका वर्गहरूको आवाजलाई सरोकारवालाहरूसम्म पुऱ्याउन विभिन्न क्रियाकलापहरू गर्दै आइरहेको छ । महिलाहरूको विभिन्न क्षेत्रको सहभागिता लगायत राजनीतिमा महिला सहभागितालाई महत्वपूर्ण ठान्दै वर्तमान परिवेशमा संघीयतामा समेत महिलाहरूलाई राजनीतिक क्षेत्रमा अग्रसर गराउन विभिन्न सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ । विभिन्न क्षेत्रमा पछाडि परेका महिलाहरूका लागि आर्थिक, सामाजिक राजनीतिक तथा स्वास्थ्य क्षेत्रमा महिलाहरूको अवस्थालाइ समेत सुधार ल्याउन विभिन्न क्रियाकलापहरू सञ्चालन गर्दै आइरहेको छ ।

यस संस्थालाई यहाँसम्म ल्याउन सहयोग पुऱ्याउने सम्पूर्ण सरोकारवाला, दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक धन्यवाद गर्दै अब म आ.व. २०७९/०८० को प्रगति प्रतिवेदन प्रस्तुत गर्न गइरहेको छु ।

# संस्थाद्वारा सञ्चालित परियोजनाहरूको संक्षिप्त परिचय

**परियोजनाको नाम** : Youth led GESI initiatives for COVID recovery strategies and action in Nepal
**परियोजनाको समयावधि** : अप्रिल २०२२ देखि जुन २०२४ सम्म
**लक्षित समुह/उमेर** : १६ देखि३० वर्ष उमेर समूह
**लक्षित वर्ग** : सीमान्तकृत युवा
**साझेदारहरू** : सहयोग- युरोपियन युनियन र अक्सफाम
**कार्यान्वयन साझेदार** : युवालय र सिमान्तकृत महिलाहरूका लागि महिला संस्था (वाम)
**कार्यक्षेत्र** : दैलेख जिल्ला (भगवतीमाई गाउँपालिका र डुङ्गेश्वर गाउँपालिका)
बैतडी जिल्ला (दशरथचन्द नगरपालिका र पाटन नगरपालिका)

## बजेट :

| पहिलो वर्ष बजेट | दोस्रो र तेस्रो वर्षको बजेट |
|---|---|
| ७३,२२,७०६/- | २,३९,८८,७१७/- |

## परियोजनाको मुख्य उद्देश्य :

- नेपालमा कोभिड- १९ पश्चात्को पुनर्स्थापनाका लागि युवाहरूको नेतृत्वमा लैङ्गिक समानता र विकास प्रक्रियाहरूमा समावेशीकरण प्रवर्द्धन गर्न । (To promote youth-led gender equality and inclusion in development processes in the post-COVID recovery of Nepal)

## अप्रिल २०२२ देखि जुन २०२३ सम्म सम्पन्न क्रियाकलापहरू :

| क्र. सं. | कार्यक्रमको नाम | सञ्चालन भएको स्थान | परिणाम | | सहभागी संख्या |
|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | |
| १ | लैंगिकतामा आधारित हिंसा केन्द्रीत र युवामैत्री सेवा प्रवाहका विषयमा सेवा प्रदायकहरूलाई क्षमता अभिवृद्धि तालिम | दैलेखबजार , गोठालपानी बजार बैतडी | २ | ० | ५८ जना |
| २ | मुख्य केस व्यवस्थापन टोली, CRMC, अत्यावश्यक सेवा प्याकेज, SRHR सेवाहरू र युवा मैत्री सेवाहरूको स्थापनामा कर्तव्य वाहकहरू, सेवा प्रदायकहरूसँग लबिङ बैठक र कार्यशाला र सम्मेलन | गाउँपालिका कार्यालय | ४ | ४ | १०१ जना |

| क्र. सं. | कार्यक्रमको नाम | सञ्चालन भएको स्थान | परिणाम | | सहभागी संख्या |
|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | |
| ३ | सेवा म्यापिङ र रेफरल मार्ग स्थापना कार्यशाला र पालिका स्तरको लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति बनाउनको लागि कार्यशाला | गाउँपालिका कार्यालय | २ | १ | ८२ जना |
| ४ | परियोजना परिचयात्मक र समिक्षा बैठक | गाउँपालिका कार्यालय | ४ | २ | १३३ जना |
| ५ | युवा विशेष गरी सीमान्तकृत समूह, महिला, अपांगता भएका व्यक्ति र लैङ्गिक अल्पसंख्यक आदिका लागि वित्तीय साक्षरता अभिमुखीकरण | डुङ्गेश्वर गा.पा. को वडा नं. १,२ र ६ मा ३ महिने वित्तीय साक्षरता कक्षा सञ्चालन | १० | २० | ९५२ जना |
| ६ | वित्तिय साक्षरता सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम | सुर्खेत | २ | ० | ३३ जना |
| ७ | जलवायु स्मार्ट, लैङ्गिक रूपान्तरणकारी उद्यम विकासका लागि युवाहरूलाई आयआर्जनमुलक तालिम सञ्चालन (दैलेखमा बाखापालन तालिम, बैतडीमा च्याऊ खेती तालिम सम्पन्न) | दैलेखबजार, गोठालापानी बजार | २ | प्रक्रियामा | ५५ जना । |
| ८ | स्वास्थ्य संस्थामा युवा तथा किशोर किशोरीमैत्री कर्नर स्थापना | कट्टी स्वास्थ्यचौकी भगवतीमाई ५, डाँडापराजुल स्वास्थ्य चौकी डुङ्गेश्वर ५, दैलेख र बसन्तपुर स्वास्थ्य चौकी पाटन न.पा ५, जोशीबुङ्का स्वास्थ्यचौकी दशरथचन्द नपा, ९ बैतडी । | १ | ३ | हालसम्म ८३ जनाले सेवा लिएको |
| ९ | युवाहरूलाई कोचिङ मेन्टरिङ्ग र करियर काउन्सेलिङ सम्बन्धी अभिमुखीकरण | दैलेखबजार, गोठालापानी बजार । | ० | २ | ५५ जना |
| १० | लैगिंक हिंसापीडितहरूलाई कानुनी उपचारमा सहयोग | जिल्लाभर | ० | १४ | १४ जना |
| ११ | GESI नीति कार्ययोजना कार्यशाला | पाटन न.पा | ० | १ | ३२ जना |
| १२ | दिवस मनाउने | परियोजना लागू भएका जिल्ला र पालिकामा | ० | ८ | ५४० जना |
| १३ | युवा तथा महिलाहरू र वित्तीय संघ-संस्था बैंक सहकारी आदिसँग समन्वय बैठक । | डुङ्गेश्वर गा.पा र दशरथचन्द न.पा. | ० | २ | ४१ जना । |

## बजेट खर्चको अवस्था :

| पहिलो वर्ष जम्मा बजेट खर्च | दोस्रो वर्ष  जुन २०२३ सम्म |
|---|---|
| ५७,९८,८०१/५६ | ३२,०४,८०४/- |

## मुख्य उपलब्धी :

(१) नगरपालिका तथा गाउँपालिकाको लैगिंक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण नीति निर्माणमा सहयोग ।

(२) भगवतीमाई गाउँपालिका वडा नं. ५ मा रहेको कट्टी स्वास्थ्य चौकीमा, डुङ्गेश्वर गाउँपालिका वडा नं. ५ डाँडापराजुल स्वास्थ्य चौकीमा, पाटन नगरपालिका वडा नं. ५ बसन्तपुर स्वास्थ्य चौकीमा र दशरथचन्द नगरपालिका वडा नं. ९ जोशीबुङ्का स्वास्थ्य चौकी बैतडीमा गरी ४ वटा युवा तथा किशोर किशोरीमैत्री परामर्श सेवाका लागि सहयोग र सेवा सञ्चालन ।

(३) पहिलो र दोस्रो वर्ष गरी  ३० वटा वित्तीय साक्षरता कक्षा सञ्चालन जसमा १६ देखि ३० वर्ष उमेर समूहका ९५२ जनाले वित्तीय साक्षरता सम्बन्धी ज्ञान प्राप्त गरेका छन् । जसअर्न्तगत १०१ जना भन्दा बढी युवाहरूले स्व-लगानीमा व्यवसाय गर्न सुरु गरेका छन् ।

(४) ५५ युवाहरूलाई कोचिङ मेन्टरिङ्ग र करियर काउन्सेलिङ सम्बन्धी अभिमुखीकरण प्रदान ।

(५) सेवा प्रदायक निकायलाई युवा तथा लैंगिक केन्द्रित सेवा प्रवाहका विषयमा क्षमता विकास ।

(६) लैगिंक हिंसा पीडितहरूलाई कानुनी उपचारका लागि सहयोग । हालसम्म दैलेख र बैतडीका १४ जना पीडितहरूले कानूनी सहायता प्राप्त गरेका छन् ।



# सामुदायिक सुरक्षा जालो (Community Safty Net (CSN)

**परियोजनाको परिचय** : सामुदायिक सुरक्षा जालो (Community Safty Net (CSN) परियोजनाले बलियो सामुदायिक सञ्जालहरू निर्माण गरेर र समुदायहरूलाई उनीहरूको आफ्नै सुरक्षा र सुरक्षा चुनौतीहरू सम्बोधन गर्न सशक्त बनाएर हिंसा, जोखिम र असुरक्षाका घटनाहरूलाई कम गर्ने लक्ष्य राखेको छ । यसले द्वन्द्व समाधान र मध्यस्थताका लागि तालिम र सहयोग प्रदान गर्ने, सामुदायिक प्रहरी पहलहरूलाई सुदृढ गर्ने, न्याय र कानुनी सेवाहरूमा पहुँच सुधार गर्ने लक्ष्य राखेको छ ।

यस परियोजनाले वातावरणीय शान्ति प्रर्वद्धन, खाद्य सुरक्षा र सामुदायिक कल्याणमा वृद्धि, हिंसा, जोखिम र सुरक्षाका घटनाहरूलाई न्यूनीकरण गर्नेछ । परियोजना प्राकृतिक प्रकोप र मानव निर्मित प्रकोपसँग सम्बन्धित विपद्मा केन्द्रित छ ।

**परियोजना अवधि** : जनवरी २०२३ देखि जुन २०२५ सम्म

**आर्थिक सहयोग** : नागरिक आवाज ललितपुर, नेपाल

**परियोजना कार्यक्षेत्र** : वीरेन्द्रनगर नगरपालिका र बराहताल गाउँपालिका सुर्खेत ।

**परियोजनाको अनुमानित बजेट** : ५०,००,००० (अक्षरूपी: पचास लाख मात्र)

## परियोजनाका प्रमुख उद्देश्यहरू :

- सामुदायिकस्तरमा सामुदायिक सुरक्षा जालोको अवधारणामा अभिमुखीकरण र समुदायस्तरमा अवधारणाको प्रयोग र सशक्तिकरण ।
- विभिन्न प्रकारका प्राकृतिक, सामाजिक र मानव निर्मित प्रकोपबाट पीडित र पीडित हुने उच्च जोखिममा रहेका परिवार र समुदायलाई अति आवश्यक राहत सहयोग उपलब्ध गराउने ।
- पीडित तथा विभिन्न किसिमका विपद्बाट प्रभावितहरूलाई आघात र पीडाबाट बाहिर निकाल्नका लागि आवश्यकता अनुसार सेवा प्रदान गरी मनोसामाजिक कल्याणका बारेमा चेतना जगाउने ।
- महिला र अन्य सामाजिक रूपमा उपेक्षित, सीमान्तकृत र बहिष्कृत व्यक्ति, परिवार, समूह र समुदायका लागि समस्याहरूको सम्बोधन गर्न सम्बन्धित सरोकारवाला र निकायहरूसँग समन्वय र सम्पर्क स्थापना गर्ने, जसका लागि सामूहिक आवाज, नारीवादी नेतृत्व विकास र राजनीतिक सशक्तिकरणमा जोड दिने ।
- जिल्लामा रहेका विपद् व्यवस्थापन सम्बन्धी विभिन्न समिति, स्थानीय सरकार तथा विपद् व्यवस्थापनमा कार्यरत अन्य सरकारी तथा गैरसरकारी संस्थाहरूसँग आवश्यक समन्वय गरी विपद् न्यूनीकरण तथा विपद् व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन योगदान पुऱ्याउने ।

## परियोजनाका क्रियाकलापहरू :

- स्थानीय सरकार तथा अन्य सरोकारवाला निकायहरूलाई यस कार्यक्रम र सामुदायिक सुरक्षा जालोको अवधारणाका बारेमा अभिमुखीकरण तथा जानकारी प्रदान गरिएको ।
- स्थानीय सरकार तथा अन्य सरोकारवाला निकायहरूसंगको समन्वयात्मक बैठकहरूको आयोजना गरिएको ।
- स्थानीय सरकार र जिल्ला स्थित विपद व्यवस्थापनसंग सम्बन्धित सरोकारवालाहरू (जिल्ला विपद व्यवस्थापन समिति, जिल्ला कार्यक्रम व्यवस्थापन समिति, नगरपालिका, गाउँपालिका र अन्य समितिहरू र समूहहरू) संग आवश्यक समन्वय गर्ने र समय समयमा समन्वयात्मक बैठकको आयोजना गरिएको ।
- आवश्यकताअनुरूप पालिकास्तरमा सामुदायिक सुरक्षाजालो सम्बन्धी समूहको गठन तथा सामुदायिक सुरक्षाजालोको अवधारणामा अभिमुखीकरण गरिएको ।
- सामुदायिक सुरक्षा जालो समूह र अन्य सामुदायिक समूहरूको लागि सामुदायिक सुरक्षा जालोको अवधारणा, मनोसामाजिक परामर्श तथा सामुदायिक मनोसामाजिक सुस्वास्थ्य, विपदको लागि पूर्वतयारी र अन्य आवश्यक विषयहरूमा क्षमता अभिवृद्धि तालिमको सञ्चालन गरिएको ।
- विद्यालय तहका विद्यार्थीहरू तथा समुदायका अन्य विभिन्न समूहहरूलाई जलवायु परिवर्तन, विपद तथा सामुदायिक सुरक्षा जालोको अवधारणामा अभिमुखिकरण, छलफल तथा जानकारी प्रदान गरी सचेतना अभिवृद्धि कार्यक्रम सम्पन्न गरिएको ।
- स्थानीय रेडियो, पत्रपत्रिका तथा अन्य संचारमाध्यामहरू मार्फत जलवायु परिवर्तन, विपद् व्यवस्थापन तथा सामुदायिक सुरक्षा जालो सम्बन्धी सन्देशमूलक सामग्रीहरूको प्रकाशन, प्रसारण गरी सेचतना अभिवृद्धि गरिएको ।
- आपतकालीन राहत सहयोगको लागि आपतकालिन कोषको स्थापना तथा सवलीकरण गरी प्रभावकारी रूपमा सञ्चालन गरिएको ।
- व्यक्तिगत तथा सामूहिक मनोसामाजिक परामर्श सेवा र मनोसामाजिक सुस्वास्थ्यको बारेमा समुदायमा सचेतना अभिवृद्धि गर्ने र आवश्यकता अनुरूपको सेवा प्रदान गर्ने तथा उक्त सेवाको लागि आवश्यक समन्वय तथा सहजीकरण गरिएको ।
- विपद्बाट पीडित तथा अन्य विभिन्न किसिमको जोखिममा रहेका अति विपन्न व्यक्ति, परिवार तथा समुदायको लागि जीविकोपार्जन सम्बन्धी सीपमूलक तालिमहरूको सञ्चालन तथा अन्य आवश्यक सहयोगका लागि समन्वय गरिएको ।
- महिला तथा अन्य सामाजिकरूपमा उपेक्षित, सिमान्तकृत तथा बहिष्करणमा परेका व्यक्ति, परिवार, समूह तथा समुदायलाई सम्बन्धित सरोकारवाला पक्ष तथा निकायहरूसँग समन्वय

तथा सम्पर्क स्थापित गरि सम्बोधन गर्नुपर्ने सवाल तथा समस्याहरूलाई आवश्यक सम्बोधनका लागि पहल गरिएको ।

- समुदायका अति विपन्न घरपरिवार तथा विभिन्न किसिमले अति जोखिममा रहेको वर्ग र समुदायलाई सामुदायिक सुरक्षा जालो प्रदान गर्न आवश्यक अन्य विभिन्न कार्यहरूको सञ्चालन, समन्वय तथा सहजीकरण गरिएको ।

**सम्पन्न क्रियाकलापहरू :**

१. परियोजनाका कर्मचारी, संस्थामा कार्यरत कर्मचारी, बोर्ड सदस्यहरूलाई परियोजनाबारे अभिमुखीकरण कार्यक्रम सम्पन्न ।
२. परियोजनाका कर्मचारीसँगको ३ वटा मासिक बैठक सम्पन्न ।
३. सामुदायिक सुरक्षा जालो परियोजनाबारे वीरेन्दनगर नगरपालिका र बराहताल गाउँपालिकाका स्थानीय सरकार, र अन्य सम्बन्धित/समान परिमार्जित सरोकारवालाहरूलाई अभिमुखीकरण र स्टार्टअप कार्यशाला सम्पन्न ।
४. हस्तवीर सामुदायिक विद्यालयका मनोसामाजिक सु-स्वास्थ्य र आत्म-हेरचाहबारे सचेतना कक्षाहरू सञ्चालन ।
५. नेपाल राष्ट्रिय माध्यमिक विद्यालय खजुरामा मनोसामाजिक सु-स्वास्थ्य र आत्म-हेरचाहबारे सचेतना कक्षाहरू सञ्चालन ।
६. j L/[B]bgu/ gu/kflns f / a/fxt fn ufpKflns fdf kflns f–:t /Lo CSN समूहहरूको गठन सम्पन्न ।
७. वीरेन्द्रनगर नगरपालिका र बराहताल गाउँपालिकाका पालिका-स्तरका CSN समूहहरूसँगको पहिलो त्रैमासिक बैठक सम्पन्न ।
८. वीरेन्द्रनगर नगरपालिका र बराहताल गाउँपालिकाका पालिका-स्तरका CSN समूहहरूलाई परियोजना सम्बन्धी परिचयात्मक अभिमुखीकरण कार्यक्रम सम्पन्न ।

**परियोजनाबाट हुने लाभान्वित संख्या :** ३०२ जना ।

**परियोजनाका उपलब्धीहरू :**

- बराहताल गाउँपालिका र वीरेन्द्रनगर नगरपालिका अन्तर्गत सामुदायिक सुरक्षा जालो पालिकास्तरीय सामुदायिक सुरक्षा जालो समूह गठन गरिएको ।

- सामुदायिक सुरक्षा जालो परियोजनाको बारेमा समुदायका सदस्यहरूलाई जानकारी गराइएको ।
- समुदायका सदस्यहरू तथा विद्यालयका विद्यार्थीहरू र शिक्षकहरू गरी १६० जनालाईसचेतना कक्षाद्धारा मानसिक समस्या र मनोसामाजिक समस्या, मनोविमर्शबारे सचेत भएको ।
- समुदायका सदस्यहरू तथा विद्यार्थीहरूलाई मनोसामाजिक सु-स्वास्थ्य र स्व-हेरचाहसम्बन्धी सचेतना कक्षापछि आफुमा भएको मानसिक समस्यालाई पहिचान गर्न मद्दत प्राप्त भएको, आफूमै संवेदनशील हुनुपर्छ भन्ने बुझाई भई नकारात्मक सोचलाई परिवर्तन गरी सकारात्मक सोचको विकास गर्न सक्ने क्षमताको विकास भएको ।
- हालसम्म वाम संस्थाका कर्मचारीहरू, बोर्डका सदस्यहरू, समुदायका सदस्यहरू, स्थानीय सरकार, र अन्य सम्बन्धित सरोकारवालाहरू तथा निकायहरू, विद्यार्थीहरू, शिक्षकसहित ३०२ जनाले सामुदायिक सुरक्षा जालो परियोजना र मनोसामाजिक सु-स्वास्थ्य र स्व-हेरचाहबारे जानकारी पाएका ।

## परियोजनाका चुनौतिहरू :

- स्थानीय जनप्रतिनिधिहरूको बेमेलले गर्दा बराहताल गाउँपालिकामा सामुदायिक सुरक्षा जालो समूह गठन गर्न असहज ।
- बर्षायामले गर्दा सहभागी समयमै उपस्थित हुन नसक्दा कार्यक्रमलाई समयमै सञ्चालन र समापन गर्न चुनौति ।



# Claiming the Right to Safe Abortion

**परिचय :**

एरोको सहयोगमा बियोन्ड बेइजिङ कमिटी (बीबीसी) नेपालले "सुरक्षित गर्भपतनको अधिकार दाबी गर्दै : एशियामा रणनीतिक साझेदारी" परियोजना कार्यान्वयन गरिरहेको छ। बीबीसीको सहयोगमा सीमान्तकृत महिलाहरूका लागि महिला संस्था (वाम)ले सुर्खेतमा सुरक्षित गर्भपतनसम्बन्धी कानुनी सचेतनामूलक कार्यक्रम गर्दै आएको छ।

यस कार्यक्रमले सेवा प्रदायक र युवाहरू बीचको कलंक कम गर्न र सुरक्षित गर्भपतन सेवामा पहुँच बढाउन सुरक्षित र कानुनी गर्भपतन सम्बन्धी विस्तृत जानकारी प्रदान गर्ने गतिविधिहरू सञ्चालन गरिरहेको छायस परियोजनाको उद्देश्य गर्भपतनको कलंक कम गर्न र सुरक्षित गर्भपतन सेवामा पहुँच बढाउन सुरक्षित र कानुनी गर्भपतन सम्बन्धी व्यवहारिक, सही र पूर्ण जानकारी प्रदान गर्नु हो।

**कार्यक्षेत्र :**

- वीरेन्द्रनगर नगरपालिका, सुर्खेत।
- बराहताल गाउँपालिका, सुर्खेत।

**कार्यक्रम क्षेत्र :**

- वीरेन्द्रनगर नगरपालिका- श्री अमरज्योति नमुना उच्च माध्यमिक विद्यालय वीरेन्द्रनगर-१२, श्री राष्ट्रिय चन्द्रगंगा माध्यमिक विद्यालय वीरेन्द्रनगर-११, श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय वीरेन्द्रनगर-६, सुर्खेत।
- बराहताल गाउँपालिका- श्री जनज्योति माध्यमिक विद्यालय, कुनाथरी बराहताल गाउँपालिका सुर्खेत।

**कार्यक्रमको अवधि** : April 2023 to October 2023

**लक्षित वर्ग** : छात्र, छात्रा, अभिभावक स्कुल बाहिरका बालबालिका

**कार्यक्रमको उद्देश्य :**

- सेवाप्रदायकहरू र युवाहरू तथा समुदायबीच गर्भपतनसँग सम्बन्धित मिथ्या कम गर्न र सुरक्षित गर्भपतन सेवामा पहुँच बढाउन।

- सुरक्षित र कानुनी गर्भपतन सम्बन्धी विस्तृत जानकारी उपलब्ध गराउन ।
- सुरक्षित गर्भपतन सेवामा पहुँच बढाउन सुरक्षित र कानुनी गर्भपतनबारे व्यावहारिक, सही र पूर्ण जानकारी प्रदान गर्नु ।

## कार्यक्रम अन्तर्गत सञ्चालन गरिएका क्रियाकलापहरू :

- विद्यालयमा सचेतनामूलक सेसनहरू १२ पटक सञ्चालन ।
- अभिभावकहरूमा ४ पटक सचेतनामूलक अन्तर्क्रिया सञ्चालन ।
- गर्भपतनसँग सम्बन्धित ६ पटक अनुभव आदान प्रदान तथा story sharing ।
- स्थानिय सरकारसँग २ पटक बैठक ।
- प्रदेशस्तरीय एकपटक अर्न्तक्रिया कार्यक्रम ।
- विद्यालयमा ४ पटक अतिरिक्त क्रियाकलाप ।

## कार्यक्रमको उपलब्धी :

- विद्यार्थी तथा अभिभावकहरूमा गर्भपतनसँग सम्बन्धित कानूनका बारेमा जानकारी भएको ।
- अभिभावक, बालबालिकालाई किशोरावस्था तथा परिवार नियोजन तथा सुरक्षित गर्भपतनका बारेमा जानकारी र सम्भावित अपराधिक क्रियाकलापहरूबाट बचाउन जनचेतना अभिवृद्धि भएको ।
- स्थानीय सरकारलाई गैरकानुनी गर्भपतनलाई रोक्नतर्फ ध्यानाकर्षण गराउँदा आगामी दिनमा अनुगमन नीति बनाउने प्रतिबद्धता व्यक्त गरिएको ।
- केही विद्यार्थीहरूले आफना समस्याहर खुलेर राखेकाले समाधान समेत गरिएको ।
- छात्राहरू स्कुल नर्सहरूसँग नजिक भई आफना समस्या राख्ने गरेको ।
- सबै जानकारी सही, स्पस्ट रूपमा पाइकाले विद्यार्थीहरू सन्तुष्ट भएको र आगामी दिनमा आउन सक्ने खतराबाट बच्न सकिने कुरा व्यक्त गरेको ।
- सुरक्षित गर्भपतनको सेवा प्रवाह गर्ने सूचीकृत स्वास्थ्य संस्थालाई भौतिक र दक्ष जनशक्ति व्यवस्थापन गर्न आवश्यक पैरवी गरियो ।
- प्रदेश स्वास्थ्य नीति निर्माण गर्दा सुरक्षित गर्भपतन सेवालाई पैरवी गरियो ।
- सरोकारवालाहरूले सूचीकृत स्वास्थ्य संस्थाहरूबारे जानकारी पाएका ।
- किशोरकिशोरीले प्रजनन् स्वास्थ्य, सुरक्षित गर्भपतनसम्बन्धी कानूनी प्रावधान, सेवाबारे जानकारी पाएका छन् ।

## कार्यक्रममा देखिएका चुनौतीहरू :

- सूचीकृत स्वास्थ्य संस्थामा सुरक्षित गर्भपतन गराउने तालिमप्राप्त दक्ष जनशक्तिको सरुवा, समायोजनका कारण सेवा प्रभावित
- विद्यालयमा ऐच्छिक विषय स्वास्थ्य शिक्षा पढ्ने विद्यार्थीको संख्या कम हुँदा किशोरकिशोरीले बृहत यौनिकता शिक्षाबारे थाहा पाउनबाट बञ्चित
- सीमित बजेटका कारण सबै विद्यालय र टोल बस्तीमा सुरक्षित गर्भपतनसम्बन्धी जनचेतनामुलक गतिविधि सञ्चालन गर्न कठिनाई
- कार्यक्रमको समयावधी छोटो भएकोले पूर्ण उपलब्धी हासिल गर्न गाह्रो ।
- विद्यार्थीहरूलाई परामर्श सेवा उपलब्ध हुन नसक्दा समस्या देखिएको ।
- गाउँका विद्यार्थीहरूमा आफना समस्याहरू राख्न गाह्रो हुने ।
- विद्यालय नर्स नहुँदा समस्या ।

## सिकाई :

- हरेक सरोकारवालाहरूसँग सुरक्षित गर्भपतनका बारेमा छलफल तथा बहस जस्ता कार्यक्रमहरू सञ्चालन गर्दा सबैमा स्पष्टता भई गैरकानुनी गर्भपतनलाई रोक्न सकिनेतथा अनुगमन नीति निर्माण गरि कार्यान्वयन गर्न सकिने ।
- विद्यालयहरूमा विद्यार्थीहरूलाई परामर्श सेवाहरू उपलब्ध गराउँदां विद्यार्थीका धेरै समस्याहरू बाहिर आई समाधान गर्न सकिने ।
- विद्यार्थीलाई प्रजनन तथा यौन शिक्षाको पूर्ण जानकारी दिँदां यौनहिंसामा कमी ल्याउन सकिने ।
- किशोरावस्थाका बालबालिकाको मनोविज्ञानको विस्तृत अध्ययन हुँदां सबै पालिकाहरूमा योजना बनाउन सकिने विद्यालय नर्सहरूसँग काम गर्दा विद्यार्थीहरू पनि लाभान्वित हुने ।



# Partners' Investment Fund (PIF)

अक्सफामले नेपालमा १३ वटा साझेदार संस्थाहरूमार्फत Partners' Investment Fund मा काम गरिरहेको छ । तीमध्ये सीमान्तकृत महिलाहरूका लागि महिला संस्था (वाम) सुर्खेत एक हो । वाम अक्सफामको पुरानो साझेदार संस्था हो । अक्सफामले साझेदार संस्थाहरूको क्षमता अभिवृद्धिका लागि केही कोष परिचालन गरेको छ । जसलाई Partners' Investment Fund भनिन्छ । यसका केही साझा गतिविधिहरू पनि छन् । कार्यक्रमको वार्षिक समिक्षा, Project Writeshop, Doner Match making Event साझा गतिविधिमा पर्दछन् । यस्ता गतिविधिमा सबै साझेदार संस्थाहरू सहभागी हुन्छन् ।

Partners' Investment Fund (PIF) अन्तर्गत वाम संस्थामा संस्थाको पञ्चवर्षीय रणनीतिक योजना निर्माण, वित्तीय नीति, मानव संशाधन नीति, खरिद नीति, लैंगिक समानता, विविधता र सामाजिक समावेशीकरण (जेसीं) नीति, सुरक्षा नीति निर्माण तथा अद्यावधिकका क्रियाकलाप छन् । तीमध्ये वाम संस्थाको वित्तीय र मानव संशाधन नीति अद्यावधिक गरिएको छ भने बाँकी तीन नीतिहरू नयाँ मस्यौदा गरिएको छ । PIF क्रियाकलाप अर्न्तगत रणनीतिक योजना निर्माण र नीति अद्यावधिक तथा विकासका कार्य परामर्शकर्तामार्फत गरिएको छ । त्यस्तै पिफ क्रियाकलाप अन्तर्गत, संस्थाको वेबसाइट निर्माणको काम सम्पन्न भएको छ । संस्थाको www.wam.org.np बेवसाइट डिजाइन भइसकेको छ । संस्थाले Communication and Documentation officer नियुक्त गरी PIF गतिविधि सञ्चालन गरिरहेको छ ।

**परियोजना अवधि** : १ जुन २०२३ देखि ३१ डिसेम्बर २०२३

| क्र.सं. | क्रियाकलाप | बजेट | कैफियत |
|---|---|---|---|
| १. | वार्षिक समिक्षा, रिफ्लेक्सन | २,००,०००।- | |
| २. | संस्थाको ५ वर्षे रणनीतिक योजना निर्माण | २,२५,०००।- | |
| ३. | नीति नियम अद्यावधिक तथा विकास | १,३०,०००।- | |
| ४. | वेबसाइट निर्माण | ७५,०००।- | |
| ५. | पार्टटाइम स्टाफ (समन्वय तथा अभिलेख व्यस्थापन अधिकृत) | २,७०,०००।- | |
| | **जम्मा** | ९,००,०००।- | |

**उपलब्धी :**

- संस्थाको आगामी पाँच वर्ष (2024-2028) का लागि रणनीतिक योजना निर्माण ।
- संस्थाका नीति नियमहरू अद्यावधिक र विकास (वित्तीय र मानव संशाधन नीति अद्यावधिक तथा खरिद, सुरक्षा र लैंगिक समानता, विविधता तथा सामाजिक समावेशीकरण नीति निर्देशिका निर्माण) ।

- संस्थाको वेबसाइट www.wam.org.np निर्माण ।
- संस्थाको प्रभावकारी अभिलेख व्यवस्थापन ।

## यस संस्थाका योजनाहरू

- समुदायमा रहेका समूहको दिगोपनाका लागि थप योजना बनाई कार्यक्रमहरू लागू गरिनेछ ।
- आगामी कार्यक्रमहरूमा थप आयमूलक तथा सीप हुन कार्यक्रमहरूलाई समावेश गरिनेछ ।
- समुदायमा रहेका महिलाहरूको सीपलाई यथास्थितिमा नै बढवा दिने खालका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- समुदायमा रहेको गरिबी निवारणका कार्यक्रमहरूलाई विशेष प्राथमिकतामा राखिनेछ ।
- आगामी वर्षमा पनि विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था विभिन्न समन्वयकारी भूमिकाहरू निर्वाह गर्दै प्रस्तावनाहरू पेश गरिनेछ ।
- कर्णाली प्रदेश तथा सुदुरपश्चिम प्रदेशका विभिन्न सरकारी तथा गैरसरकारी निकायसंग समन्वय गरी युवा लक्षित तथा युवामा पनि जेसी लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- युवाहरूको नेतृत्वमा १० वटा व्यापार मोडेल स्थापना गरिनेछ ।
- १० जना युवालाई लैंगिक रूपान्तरणीय आयआर्जनमुलक तालिम प्रदान गरिनेछ ।
- ४५ जना हिंसापिडित महिलाहरूलाई कानूनी सहायता स्वरूप रकम प्रदान गरिनेछ ।
- स्वास्थ्य संस्थामा हिंसापिडित महिला तथा किशोरीहरूलाई तुरुन्तै सेवा लिन सहज होस भन्ने उद्देश्यले हटलाइन सेवा सञ्चालनका लागि पालिकासंग समन्वय गरि प्राविधिक रूपमा सहयोग गरिनेछ ।
- परियोजना सञ्चालन भएका स्थानीय तहमा सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गरिनेछ ।
- वित्तीय साक्षरता कक्षा प्राप्त गरेका युवा तथा किशोरकिशोरीलाई वित्तीय संघ-संस्थामा आवद्ध गराउन आवश्यक पहल गरिनेछ ।

## आर्थिक वर्ष २०८०/२०८१ को लागि प्रस्तावित कार्यक्रमहरू

- यस संस्थाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा विभिन्न दातृ निकायहरूसँग समन्वयकारी भूमिका गर्दै पछाडि परेका सीमान्तकृत वर्गका महिला बालबालिका महिलाविरुद्ध हिंसा पीडितको शिक्षा तथा आर्थिकस्तरलाई उकास्नका लागि जनसमुदायको हकहित तथा जिम्मेवारीलाई उकास्ने खालका कार्यक्रमहरू आगामी आर्थिक वर्षमा प्रस्ताव गरिएको छ ।
- महिला अधिकार तथा महिला सशक्तिकरणसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूसँग साझेदारी गर्ने कार्य गरिनेछ ।

